

छठ महापर्वका सामाजिक संस्कृतिक आयामहरु

राजेन्द्रलाल कर्ण

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।



दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५४८०९



जि.प्र.का.झापा द.नं.६१) ०५७८

सत्यता, स्वतन्त्रता र वस्तुपरकता हाम्रो प्रतिबद्धता

दैनिक

पूर्वसन्देश

PURBA SANDESH DAILY



purbasandesh.com

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५ / ९८२४१७९१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०८१०

❑ वर्ष:२५ ❑ अंक - २८० ❑ २०८३ कात्तिक २७ गते शुक्रबार ❑ Friday, 13 Nov. 2026 ❑ मूल्य ७ /-

टोपबहादुर रायमाझी जेलमुक्त

दमक/ नक्कली भुटानी शरणार्थीसम्बन्धी प्रकरणमा दोषी ठहर भएका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी जेलमुक्त भएका छन् । कैद सजाय भुक्तान गरी उनी रिहा भएका हुन् । कारागार कार्यालय झिल्लीबजारका अनुसार ज्येष्ठ नागरिकका रुपमा २५ प्रतिशत कैद छुट पाएर उनी रिहा भएका हुन् ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ मा ६५ देखि ७० वर्ष उमेरका ज्येष्ठ नागरिकले कैदमा २५ प्रतिशत छुट पाउने प्रावधान छ ।

जिल्ला अदालत, काठमाडौंले सो छुट दिन आदेश भएसँगै उनी रिहा भएका हुन् । सरकारले पनि दुई महिनाअघि कारागार नियमावली संशोधन गरी ज्येष्ठ नागरिक ऐनअनुसार सुविधा दिने प्रावधान समेटेको थियो ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा उनलाई चार वर्ष कैद सजाय भएको थियो। उनी ०८० को वैशाखदेखि कारागारमा थिए । अदालतको आदेशअनुसार उनलाई आज बिहान रिहा गरिएको हो ।

जेलमुक्त भएलगतै परिवार र आफन्तले उनलाई स्वागत गरेका थिए । अहिले उनी परिवारसँग आफ्नो निवासमा पुगिसकेका छन् ।

सफारीको ठक्करबाट एक जनाको मृत्यु

मेचीनगर/ झापाको मेचीनगरमा सिटी सफारीको ठक्करबाट स्थानीय ७० वर्षीया लटन राजवंशीको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार मेचीनगर नगरपालिका-१५ स्थित चौधरी चोकमा बुधबार साँझ उक्त सफारीको ठक्कर उहाँको निधन भएको मृत्यु भएको हो ।

ठक्करबाट टाउकामा चोट लागेर घाइते राजवंशीलाई उपचारका लागि ओमसाई पाथिभरा अस्पताल भद्रपुर लगिएकामा उपचारको क्रममा त्यहाँ निधन भएको थियो ।

घटनापछि प्रहरीले सफारीका चालक मेचीनगर-१५ कै ५९ वर्षीय मोहन राजवंशीलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिए ।

मोरङमा आगलागी

दमक/ मोरङको सुनवर्षी नगरपालिका-६ प्रगति टोलस्थित एक घरमा आगलागी हुँदा एक जना घाइते भएका छन् । मोरङका प्रहरी निरीक्षक बढी दाहालका अनुसार बुधबार राती स्थानीय ७५ वर्षीय दिलबहादुर कार्कीको काठको दुई तल्ले घरमा आगलागी भएको हो । आगलागीबाट उनको २६ वर्षीया छोरी निशा कार्की घाइते भएकी छन् । आगलागीबाट उनको दुवै हात र दाहिने खुट्टा जल्न पुग्दा घाइते भएको र उनलाई उपचारका लागि रंगेली अस्पताल पठाइएको दाहालले जानकारी दिए । उनका अनुसार निशाको अवस्था सामान्य छ ।

भरुवा बन्दुक र छर्रा बरामद

भोजपुर/ भोजपुरको आमचोक गाउँपालिका-९ बोखिमटरस्थित दूधकोशी सामुदायिक वनमा बेवारिसे अवस्थामा भरुवा बन्दुक र छर्रा फेला परेका छन् ।

जिल्ला प्रहरी कार्यालय भोजपुरद्वारा जारी प्रेस विज्ञप्तिअनुसार बुधबार अस्थायी प्रहरी चौकी दुम्साबाट खटिएको गस्ती टोलीले उक्त सामाग्रीहरु फेला पारेको हो ।

गस्तीका क्रममा वनमा को-कसले ल्याएको भन्ने नखुलेको १ नाल भरुवा बन्दुक र सोही बन्दुकको नलमूनी रहेको गजमा बाँधेर राखिएको प्लाष्टिकको साना ५ वटा थ्रिकिको दाना तथा छर्रालगायत बेवारिसे अवस्थामा फेला परेका हुन् ।

प्रहरीले ती सामानहरु रीतपूर्वक बरामद गरेको छ। बरामद गरिएको भरुवा बन्दुकको सम्बन्धमा थप अनुसन्धान कार्य भइरहेको सूचना अधिकारी तथा प्रहरी निरीक्षक राकेश राईले जानकारी दिएका छन् ।

इभी दुर्घटनामा एकै परिवारका छ सहित १४ जनाको मृत्यु

पूर्वसन्देश समाचार



दमक/ मकवानपुरको भीमफेदी गाउँपालिका-६ चिसापानीगढीमा बिहिबार बिहान बिद्युतीय माइक्रोबस दुर्घटना हुँदा एकै परिवारका छ जनासहित १४ जनाको मृत्यु भएको छ । दुर्घटनामा परी छ जना घाइते भएका छन् । काठमाडौँबाट छठ पर्व मनाउन सलाहीतर्फ जाँदै गरेको मधेस प्रदेश ०३-००१ ज ०८८० नम्बरको माइक्रोबस सडकबाट करिब ५०० मिटर तल खसेको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीअक माधवप्रसाद काफ्लेका अनुसार दुर्घटनामा सलाहीको चक्रघट्टा गाउँपालिका-४ सुन्दरपुरटोलका अवधेश यादवको श्रीमती ३५ वर्षीया पुनम देवी यादव, छोरीहरू १० वर्षीया अनुकुमारी यादव, सात वर्षीया प्रीत्रा यादव र पाँच वर्षीया शिफिका यादव तथा उनका दुई भाइको मृत्यु भएको छ ।

दुर्घटनामा सवारी चालक सलाहीको बर्खिलाही गाउँपालिका-८ का ३० वर्षीय रविशङ्कर कुमार मण्डल, चक्रघट्टा-४ का २६ वर्षीय विकेश यादव, ३५ वर्षीय गुड्डु यादव, उनकी श्रीमती गायत्रीदेवी यादव, रामदुलार यादव, सुबोध यादव, रोहन यादव, राकेश यादव, छोटू यादव र सुदेश यादवको पनि मृत्यु भएको काफ्लेले जानकारी दिए ।

घाइते हुँदा ३३ वर्षीय मुकेश यादव, पाँच वर्षीय सप्तम कुमार यादव, तीन वर्षीय सुजन यादव, ३१ वर्षीय बेचु भन्ने देवेन्द्र राय, २६ वर्षीय देवेन्द्र राय र १४ महिनाका सुदीप यादव रहेका छन् । घाइतेमध्ये मुकेश, सप्तम र २६ वर्षीय देवेन्द्र उपचारपछि डिस्चार्ज भएका छन् ।

सुजन र सुदीपलाई थप उपचारका लागि काठमाडौँस्थित मेडिसिटी अस्पताल तथा ३१ वर्षीय देवेन्द्रलाई भरतपुरस्थित मनकामना अस्पताल पठाइएको प्रहरीले जनाएको छ । दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ ।

ढमकमा ढेवकोटाको स्मरण



दमक/ महाकवि लक्ष्मी प्रसाद देवकोटाको १९८ औं जन्म जयन्तीका अवसरमा झापाको दमकमा महाकविबारे विमर्श भएको छ । दमकस्थित देवकोटा चोकमा रहेको महाकविको शालिकमा पुष्पमाला चढाएर उनको बारे चर्चा गरिएको थियो ।

देवकोटाको स्मरण गर्दै दमकका साहित्यकारहरुले देवकोटाले साहित्यमा पुरयाएको योगदानबारे चर्चा गरेका थिए । दमक प्रज्ञा प्रतिष्ठानको आयोजनामा भएको कार्यक्रममा दमकका श्रष्टाहरुले नेपाली

बाँकी ७ पेजमा ▸▸

दुर्घटनामा बृद्धको मृत्यु

काफा/ *झापाको मेचीनगरमा सिटी सफारीको ठक्करबाट एक पैतलयात्री बृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा मेचीनगर १५ चौधरी चोक बस्ने पैतलयात्री मोती ठाउँ बस्ने ७० वर्षिय लटन राजवंशी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।*

बुधबार साँझ ६:४० बजे मेचीनगर १५ चौधरी चोकस्थित धुलाबारी- चन्द्रगढी सडकखण्डमा न्यामिरगढी चोकबाट चौधरी चोकतर्फ आउँदै

बाँकी ७ पेजमा ▸▸

असिना पानीले धानबालीमा क्षति, किसान चिन्तित

भोजपुर/ भोजपुरका विभिन्न स्थानमा बुधबार अचानक परेको असिना पानीले पाकेर भित्र्याउने तयारीमा रहेको धानबालीमा क्षति पुग्याएको छ । धान काटेर भित्र्याउने समयमा असिना पानी परेपछि किसान समस्यामा परेका छन् । असिना पानीका कारण खेतमा पाकेर रहेको धानमा क्षति पुगेको हो ।

भोजपुर नगरपालिका-५ का स्थानीय किसान धनबहादुर थापाले असिना पानीले धानबालीमा क्षति पुऱ्याएको बताए । उनले असिना पानी पुनः टोहोरिने चिन्ताले किसानलाई सताएको उल्लेख गरे ।

'हिजो एक्कासि असिना पानी पऱ्यो,' उनले भने, 'फेरि पनि टोहोरिने हो कि भन्ने चिन्ता बढेको छ । यही अवस्था टोहोरिए धानबालीमा ठूलो क्षति पुग्न सक्छ ।' उनका अनुसार कतिपय किसानको धान काट्न बाँकी छ भने कतिपयले काटेर खेतमै सुकाइरहेका छन् । धान पाकेर खेत पहेँलपुर भएको समयमा मौसममा आएको परिवर्तनले किसान थप चिन्तित बनेका छन् ।

यसैगरी भाडटीकाकै दिन बुधबार दिउँसो परेको असिनापानीले इलाम जिल्लाका विभिन्न स्थानमा पाकेी लागेको धानबालीमा क्षति पुऱ्याएको छ । धान काटेर भित्र्याउने तयारीमा रहेका किसान असिनापानीका कारण चिन्तित बनेका छन् ।

जिल्लाका विभिन्न क्षेत्रमा असिनासहितको वर्षा हुँदा खेतमा पाकेर भित्र्याउन ठिकक परेको धानबालीमा क्षति पुगेको स्थानीय किसानहरुले बताएका छन्। लामो समयको मेहनतपछि बाली भित्र्याउने समयमा अचानक परेको असिनाले किसानको अपेक्षित उत्पादनमा असर पर्ने चिन्ता बढाएको छ ।

तिहारको अन्तिम दिन भाडटीका मनाइरहेका बेला परेको प्रतिकूल मौसमले धान काट्ने र भित्र्याउने तयारीमा रहेका किसानलाई थप समस्यामा परेको हो ।

किसानका अनुसार असिनापानीले अलैँचीलगायत केही बालीलाई राहत पुऱ्याए पनि पाकन लागेको

बाँकी ७ पेजमा ▸▸

झापाका सुकुम्बासीले मंसिरभित्रै धनीपूर्जा पाउने

दमक/ झापाका सुकुम्बासीले मंसिरभित्रै धनीपूर्जा पाउने भएका छन् । भूमि समस्या समाधान समिति झापाले पहिलो चरणमा दुई हजार ३३९ जना भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जग्गाको धनीपूर्जा वितरण गर्ने भएको हो ।

हाल झापामा भूमिहीन दलिततर्फ दुई हजार ८९६ परिवार, भूमिहीन सुकुम्बासीतर्फ ९५ हजार ७८३ परिवार र सबैभन्दा बढी अव्यवस्थित बसोबासीतर्फ ४१ हजार ८५१ परिवारको आवेदन परेको छ ।

यसबाहेक अघिल्ला आयोगहरुबाट कार्य अधुरो र अपुरो रहेका आवेदक परिवारको संख्या पाँच हजार २९६ रहेको समितिले जनाएको छ ।

भूमि समस्या समाधान समिति झापाको हालै सम्पन्न बैठकले हालसम्म प्राप्त निवेदन उपर छलफल र छानविन गरी पहिलो चरणमा धनीपूर्जा पाउनेहरुको नामावली स्वीकृत गरेको समितिका अध्यक्ष समेत रहनु भएको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलल बताए ।

पहिलो चरणमा बुद्धशान्ति गाउँपालिकाका एक हजार ३६४ जना, अर्जुनधारा नगरपालिकाका ९६४ जना र मेचीनगर नगरपालिकाका ११ जनाले जग्गाको धनीपूर्जा पाउने निर्णय भएको हो ।

बाँकी ७ पेजमा ▸▸

कोशीमा थप १३ वटा भाषालाई सरकारी कामकाजको मान्यता

झापा/ कोशी प्रदेश सरकारले नेपाली भाषाबाहेक थप १३ वटा भाषालाई बुधबारदेखि प्रदेशको सरकारी कामकाजको भाषाका रुपमा कार्यान्वयनमा ल्याएको छ ।

महागुरु फाल्गुनन्द लिङदेनको जन्मजयन्तीको अवसर पारेर मुख्यमन्त्री हिक्मतकुमार कार्कीले कानून निर्माण गरी बुधबारदेखि यी भाषाहरु कार्यान्वयनमा ल्याएको जानकारी दिए ।

संविधानको अनुसूचीमा भाषा आयोगले कोशीमा मैथिली र लिम्बु भाषा मात्र सिफारिश गरे पनि प्रदेशको बहुभाषिक विविधता र जातजातिको पहिचान संरक्षण गर्न सरकारले थप १३ भाषालाई समेटेर कानूनी व्यवस्था गरेको हो । कार्यान्वयनमा आएका नयाँ भाषामा राई, थारू, तामाङ, मगर, बान्तवा, उर्दु, राजवंशी, नेपाल भाषा, याम्फिङ, शेर्पा र सन्थालीलगायतका भाषाहरु रहेका छन् ।

गएको कात्तिक ११ गते प्रदेश प्रमुखबाट यो ऐन प्रमाणीकरण भइसकेको छ ।

बाँकी ७ पेजमा ▸▸

सम्पादकीय

सामाजिक सद्भाव र एकताको छठ पर्व

दशै-तिहारको उल्लास सकिएलगत्तै तराई-मधेससहित देशभर छठ पर्वको रौनक छाएको छ । पहाडदेखि तराई र काठमाडौं उपत्यकासम्म छठ पूजाको तयारीले धार्मिक तथा सांस्कृतिक वातावरणलाई उत्सवमय बनाएको छ । भाक्तिकाकै दिनदेखि विभिन्न नदी, खोला, पोखरी तथा जलाशयका किनारमा छठ पूजा स्थल निर्माण र सरसफाइ सुरू भइसकेको छ । भनाको दमकमा पनि रनुवा खोलानालागायतका नदी तथा जलाशयका किनारमा छठ पर्वको चहलपहल बढेको छ । सूर्यदेव र छठी माताको आराधना गरी मनाइने छठ पर्व केवल धार्मिक अनुष्ठान मात्र होइन, आस्था, अनुशासन, पवित्रता, प्रकृतिप्रतिको सम्मान र सामाजिक सद्भावको अनुपम संगम पनि हो । अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिएर मनाइने यस पर्वले जीवनमा धैर्य, कृतज्ञता र निरन्तरताको महत्त्वसमेत स्मरण गराउँछ । जातजाति, भाषा, धर्म र समुदायबीचको दूरी घटाउँदै आपसी एकता र भाइचाराको सन्देश प्रवाह गर्नु छठको अर्को सुन्दर पक्ष हो ।

दमक बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक पहिचान बोकेको सहर हो । यहाँ मधेसी समुदायको परम्पराका रूपमा स्थापित छठ पर्व अहिले सबै समुदायको साझा सांस्कृतिक उत्सव बन्दै गएको छ । छठ पूजा स्थलमा देखिने सामूहिक सहभागिता, सरसफाइ, सजावट र व्यवस्थापनमा स्थानीयवासीको सक्रियताले सामाजिक एकतालाई सुन्दर उदाहरण प्रस्तुत गर्छ । यस्तो सहभागिताले दमकको सामाजिक सद्भाव र सांस्कृतिक विविधतालाई थप बलियो बनाउँछ ।

तर, पर्वको रौनकसँगै केही जिम्मेवारी पनि जोडिएका छन् । नदी तथा खोलाका किनारमा पूजा स्थल निर्माण गर्दा सुरक्षा, सरसफाइ र वातावरण संरक्षणलाई प्राथमिकता दिन आवश्यक छ । पूजा सामग्री, प्लास्टिक, फूलमाला तथा अन्य फोहोर जथाभावी विसर्जन नगर्ने विषयमा सबै सचेत हुनुपर्छ । विशेषगरी रनुवा खोलाको किनारमा पूजा गर्न आउने श्रद्धालुहरूको सुरक्षाका लागि स्थानीय सरकार, सुरक्षा निकाय, सामाजिक संघसंस्था र आयोजकहरूले आवश्यक व्यवस्थापन मिलाउनुपर्छ । सम्भावित जोखिमलाई ध्यानमा राख्दै नदीको बहाव, गहिराइ र बालबालिकाको सुरक्षामा विशेष ध्यान दिनु आवश्यक छ ।

पर्वलाई भव्यस्थित, सुरक्षित र वातावरणमैत्री बनाउने दायित्व आयोजकको मात्र होइन, प्रत्येक श्रद्धालु र नागरिकको पनि हो । स्थानीय तहले आवश्यक पूर्वाधार, सरसफाइ, खानेपानी, प्रकाश र सुरक्षा व्यवस्थापनमा सहयोग गर्नुपर्छ । सामाजिक संघसंस्थाले पनि स्वयंसेवक परिचालन गरी पर्वलाई मर्यादित बनाउन भूमिका निर्वाह गर्न सक्छन् ।

दशै र तिहारले पारिवारिक मिलन तथा आपसी सम्बन्धको सन्देश दिन्छन् भने छठले प्रकृति, जल र सूर्यप्रतिको सम्मानसँगै सामूहिक आस्थाको महत्त्व उजागर गर्छ । त्यसैले छठलाई कुनै एउटा समुदायको पर्वका रूपमा सीमित नगरी साझा सांस्कृतिक सम्पदाका रूपमा ग्रहण गर्न आवश्यक छ ।

अन्ततः पर्वको वास्तविक सुन्दरता पूजास्थलको सजावट र भीडभाडमा मात्र होइन, यसले समाजमा फैलाउने प्रेम, सद्भाव, सहकार्य र एकतामा निहित छ । दमकको रनुवा खोलासहित विभिन्न छठ पूजा स्थलमा देखिएको उल्लासले यही सन्देश दिइरहेको छ । आस्थाको यो उत्सव सुरक्षित, स्वच्छ, मर्यादित र सद्भावपूर्ण बनोस् । छठ पर्वले दमकसहित समग्र देशमा शान्ति, समृद्धि र सामाजिक एकताको भावना अझ प्रगाढ बनाओस् ।



सन्तेन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

महाभारत कालमा इन्द्रप्रस्थ र हस्तिनापुर माथिको अधिकार समेत गुमाएका पाण्डवहरूले बाह्र वर्षसम्म अनेकौं किसिमका दुःख कष्टहरू भोग्दै जंगलमा लुकेर बस्नुपरेको संकटपूर्ण अवस्थामा ऋषि पत्नीहरूले महारानी द्रौपदीलाई दुःख र कष्टको निवारणको लागि षष्ठी व्रत अनुष्ठान गरी छठी माताको व्रत गरी सूर्यलाई अर्घ्य चढाउन सुझाव दिनुभएको थियो ।

छठ महापर्वका सामाजिक संस्कृतिक आयामहरु

छठ महापर्वको सामाजिक सांस्कृतिक आयामहरु विभिन्न युगको विस्तार सँगै ऐतिहास मिसेल सम्म विश्व व्यापी करण हुँदै गई रहेको छ। देश वेश बीचको भाषा, संस्कृति, धर्म तथा राजनीतिक भुगोलको सीमा रेखा पार गर्दै छठ पर्व प्रति आस्था र विश्वास गर्ने जनसमुदायहरूले मानव जीवनका चारवटा पुरुस्वार्थहरु अर्थ, धर्म, काम र मोक्ष प्राप्तिका लागि षष्ठी देवीको पूजा र व्रत बस्न आफूलाई समर्पित गर्दछन् । सनातन कालदेखि चल्दै आइरहेको परम्परामा जुनीजुनीदेखि जीवन र जगतको व्यवहारलाई मानिस र ईश्वरबिचको सम्बन्धबाट परिभाषित गरिन्छ । छठपर्व देश जनता र समाजको सामूहिक महापर्व हो ।

छठ पर्व जाति, भाषा, धर्म र पहिचानको आधारमा न गरी सम्पूर्ण मानवीय विशिष्टताको मार्ग चित्रको आधारमा गरिने प्रकृति पूजा हो । छठ पर्व अस्ताचलगामी सूर्य र उदियमान सूर्य लाई अर्घ प्रदान गरी समर्पित गरी मनाइने जन आस्थाको महापर्व हो । छठ पर्व प्रकृति र पुरुष बीच गरिने अटुट श्रद्धा, विश्वास, माया र प्रेमको महापर्व हो । छठ पर्व द्वापर युगदेखि अनवरत रूपमा चल्दै आइरहेको पूजा पद्धति हो । ईश्वरको निराकार र साकार चेतना तथा शक्तिमा विश्वास गराउनको लागि मानव जातिमा उत्प्रेरणा जगाउन तथा हरेक आत्मा र प्राणहरुबीच मानवीय चेतना र ईश्वरीय चेतनाको सहकार्य र सरोकार रहने गर्दछ भन्ने कुरामा विश्वास गर्नको लागि छठ महापर्वको प्रादुर्भाव भएको जनश्रुतिहरु छन् । छठ महापर्व को सुरुआत कहिले देखि भएको हो भन्ने सम्बन्धमा विभिन्न किसिमका आख्यानहरु र प्रमाणहरु उल्लेख भएको पाइन्छ । महाभारत कालमा इन्द्रप्रस्थ र हस्तिनापुर माथिको अधिकार समेत गुमाएका पाण्डवहरुले बारह वर्षसम्म अनेकौं किसिमका दुःख कष्टहरु भोग्दै जंगलमा लुकेर बस्नुपरेको संकटपूर्ण अवस्थामा ऋषि पत्नीहरुले महारानी द्रौपदीलाई दुःख र कष्टको निवारणको लागि षष्ठी व्रत अनुष्ठान गरी छठी माताको व्रत गरी सूर्यलाई अर्घ्य चढाउन सुझाव दिनुभएको थियो । ऋषि पत्नीहरुकै अनुरोधमा महारानी कुन्तीले सर्वप्रथम छठ पूजा गरी छठ महापर्वको सुरुवात गर्नुभएको थियो ।

सूर्यको आराधना गरी छठ माताको व्रत र अनुष्ठान सफलतापूर्वक पूर्ण भएपछि नै पाण्डवहरुले महाभारत युद्धमा कौरवहरुको दुठो सैन्य विश्व व्यापी करण हुँदै गई रहेको छ। देश वेश बीचको भाषा, संस्कृति, धर्म तथा राजनीतिक भुगोलको सीमा रेखा पार गर्दै छठ पर्व प्रति आस्था र विश्वास गर्ने जनसमुदायहरूले मानव जीवनका चारवटा पुरुस्वार्थहरु अर्थ, धर्म, काम र मोक्ष प्राप्तिका लागि षष्ठी देवीको पूजा र व्रत बस्न आफूलाई समर्पित गर्दछन् । सनातन कालदेखि चल्दै आइरहेको परम्परामा जुनीजुनीदेखि जीवन र जगतको व्यवहारलाई मानिस र ईश्वरबिचको सम्बन्धबाट परिभाषित गरिन्छ । छठपर्व देश जनता र समाजको सामूहिक महापर्व हो ।

छठ पर्व जाति, भाषा, धर्म र पहिचानको आधारमा न गरी सम्पूर्ण मानवीय विशिष्टताको मार्ग चित्रको आधारमा गरिने प्रकृति पूजा हो । छठ पर्व अस्ताचलगामी सूर्य र उदियमान सूर्य लाई अर्घ प्रदान गरी समर्पित गरी मनाइने जन आस्थाको महापर्व हो । छठ पर्व प्रकृति र पुरुष बीच गरिने अटुट श्रद्धा, विश्वास, माया र प्रेमको महापर्व हो । छठ पर्व द्वापर युगदेखि अनवरत रूपमा चल्दै आइरहेको पूजा पद्धति हो । ईश्वरको निराकार र साकार चेतना तथा शक्तिमा विश्वास गराउनको लागि मानव जातिमा उत्प्रेरणा जगाउन तथा हरेक आत्मा र प्राणहरुबीच मानवीय चेतना र ईश्वरीय चेतनाको सहकार्य र सरोकार रहने गर्दछ भन्ने कुरामा विश्वास गर्नको लागि छठ महापर्वको प्रादुर्भाव भएको जनश्रुतिहरु छन् । छठ महापर्व को सुरुआत कहिले देखि भएको हो भन्ने सम्बन्धमा विभिन्न किसिमका आख्यानहरु र प्रमाणहरु उल्लेख भएको पाइन्छ । महाभारत कालमा इन्द्रप्रस्थ र हस्तिनापुर माथिको अधिकार समेत गुमाएका पाण्डवहरुले बारह वर्षसम्म अनेकौं किसिमका दुःख कष्टहरु भोग्दै जंगलमा लुकेर बस्नुपरेको संकटपूर्ण अवस्थामा ऋषि पत्नीहरुले महारानी द्रौपदीलाई दुःख र कष्टको निवारणको लागि षष्ठी व्रत अनुष्ठान गरी छठी माताको व्रत गरी सूर्यलाई अर्घ्य चढाउन सुझाव दिनुभएको थियो । ऋषि पत्नीहरुकै अनुरोधमा महारानी कुन्तीले सर्वप्रथम छठ पूजा गरी छठ महापर्वको सुरुवात गर्नुभएको थियो ।

सूर्यको आराधना गरी छठ माताको व्रत र अनुष्ठान सफलतापूर्वक पूर्ण भएपछि नै पाण्डवहरुले महाभारत युद्धमा कौरवहरुको दुठो सैन्य विश्व व्यापी करण हुँदै गई रहेको छ। देश वेश बीचको भाषा, संस्कृति, धर्म तथा राजनीतिक भुगोलको सीमा रेखा पार गर्दै छठ पर्व प्रति आस्था र विश्वास गर्ने जनसमुदायहरूले मानव जीवनका चारवटा पुरुस्वार्थहरु अर्थ, धर्म, काम र मोक्ष प्राप्तिका लागि षष्ठी देवीको पूजा र व्रत बस्न आफूलाई समर्पित गर्दछन् । सनातन कालदेखि चल्दै आइरहेको परम्पराका

अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गर्दै मनाइन्छ छठ पर्व

चार दिनसम्म कठोर व्रत र सूर्यदेव तथा षष्ठी देवीको आराधनाका तराई-मधेसबाट पहाडी समुदायसम्म विस्तारिँदै पर्वको लोकप्रियता

दमक । छठ पर्व सूर्यदेव र षष्ठी देवी अर्थात् छठी माताको पूजा आराधना गरी चार दिनसम्म मनाइने महत्वपूर्ण हिन्दू पर्व हो । विशेषगरी नेपालको तराई-मधेस तथा भारतको बिहार, झारखण्ड र उत्तर प्रदेशमा प्रचलित यो पर्व पछिल्लो समय पहाडी समुदायमा समेत विस्तार हुँदै गएको छ । अस्ताउँदो र उदाउँदो दुवै सूर्यलाई अर्घ अर्पण गरिने यस पर्वको धार्मिक, सांस्कृतिक र सामाजिक महत्व विशेष मानिन्छ ।

छठ पर्वमा सूर्यलाई जीवन, प्रकाश र ऊर्जाको स्रोतका रूपमा पूजा गरिन्छ भने षष्ठी देवीलाई सन्तानको रक्षा गर्ने देवीका रूपमा श्रद्धा गरिन्छ । धार्मिक विश्वासअनुसार छठी माताको आराधना गर्दा सन्तान प्राप्ति, बालबालिकाको स्वास्थ्य र दीर्घायु तथा परिवारको सुख, शान्ति र समृद्धि प्राप्त हुन्छ । यस पर्वमा महिला र पुरुष दुवैले व्रत बस्न सक्छन् । सूर्यदेवका पत्नी उषा र प्रत्यूषालाई समेत अर्घ अर्पण गर्ने धार्मिक परम्परा छ ।

छठ पर्वसँग जोडिएको पौराणिक कथाअनुसार राजा प्रियव्रतका मृत जन्मिएका शिशुलाई षष्ठी देवीले जीवित गराइदिएपछि उनको पूजा गर्ने परम्परा सुरू भएको मानिन्छ । त्यस्तै, हिन्दू धार्मिक ग्रन्थमा सूर्य उपासनाको महत्व विभिन्न प्रसंगमा उल्लेख छ । रामायणमा भगवान रामले रावणसँगको युद्धअघि आदित्य हृदयस्तोत्र पाठ गरी सूर्यदेवको आराधना गरेको प्रसंग पाइन्छ । यी कथाहरु धार्मिक मान्यताका आधारित छन् ।

छठ पर्व कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिन मनाइन्छ । पहिलो दिनलाई नहाय-खाय भनिन्छ । यस दिन व्रतालुले स्नान गरी शुद्ध र सात्विक भोजन ग्रहण गर्छन् । विशेषगरी दाल, चामल र लौकाबाट बनेको परिकार खाने



चलन छ । यस दिनदेखि व्रतालुले पूजाका लागि आवश्यक सरसफाइ, शुद्धता र अनुशासनमा विशेष ध्यान दिन्छन् ।

दोस्रो दिन अर्थात् पञ्चमीमा खरना गरिन्छ । यस दिन व्रतालु दिनभर उपवास बसेर साँझ पूजा गर्छन् । प्रसादका रूपमा सस्खवर वा उखुको रसबाट बनाइएको खीर तथा अन्य परिकार तयार गरिन्छ । खरनाको प्रसाद परिवार, आफन्त र छरछिमेकमा बाँड्ने परम्परा छ । खरनापछि व्रतालुले मुख्य अर्घ सम्पन्न नभएसम्म निराहार व्रत बस्ने गर्छन् ।

तेस्रो दिन षष्ठीको साँझ छठको मुख्य पूजा गरिन्छ । व्रतालुहरु बाँसका सूप र डालोमा केरा, नरिवल, उखु, विभिन्न फलफूल तथा ठेकुवालगायतका प्रसाद सजाएर नदी, पोखरी र जलाशयमा पुग्छन् । पानीमा उभिएर अस्ताउँदो सूर्यलाई अर्घ अर्पण गर्दै परिवारको स्वास्थ्य, सुख, शान्ति र समृद्धिको कामना गरिन्छ । चौथो दिन सप्तमीको बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि चारदिने व्रत सम्पन्न हुन्छ ।

छठको अर्को महत्वपूर्ण पक्ष सामूहिक सहभागिता र सामाजिक सद्भाव हो । छठ घाटको सरसफाइ, सजावट र व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता रहने गर्छ । पूजामा प्रयोग हुने बाँसका सूप, डाली र अन्य सामग्रीले स्थानीय सीप तथा परम्परागत पेसालाई पनि महत्व दिएको छ । विभिन्न जाति, वर्ग र समुदायका मानिस एकै ठाउँमा भेला भएर पूजा गर्ने परम्परासे सामाजिक एकता र सहकार्यको सन्देश दिन्छ ।

कार्तिकबाहेक चैत महिनामा पनि छठ मनाउने चलन छ, जसलाई चैती छठ भनिन्छ । पछिल्लो समय नदी तथा पोखरीमा हुने भीडभाड र असहजतालाई ध्यानमा राखेर घरको आँगन तथा छतमा समेत पूजा गर्ने गरिएको छ । धार्मिक आस्था, प्रकृतिप्रतिको सम्मान, पारिवारिक कल्याण र सामाजिक एकताको सन्देश बोकेको छठ पर्व अहिले तराई-मधेसको परम्परागत पहिचानबाट विस्तार हुँदै देशका विभिन्न समुदायको साझा सांस्कृतिक पर्वका रूपमा स्थापित हुँदै गएको छ ।

स्वास्थ्य

४० वर्ष नाघेपछि किन हुन्छ कोलेस्ट्रोल

दमक । ४० वर्षको उमेर पार गरेपछि शरीरमा कोलेस्ट्रोलको मात्रा बढ्ने जोखिम क्रमशः बढ्दै जाने गरेको छ । गलत खानपान र अस्वस्थ जीवनशैलीलाई मात्र उच्च कोलेस्ट्रोलको कारण मानिए पनि चिकित्सा विज्ञहरूका अनुसार उमेरसँगै हुने जैविक, हर्मोनल तथा मेटाबोलिजमसम्बन्धी परिवर्तनले पनि यसमा महत्वपूर्ण भूमिका खेल्छन् । विशेषगरी शरीरको ऊर्जा खपत गर्ने क्षमता घट्दै जानु, शारीरिक सक्रियतामा कमी आउनु र हर्मोनको सतमा परिवर्तन हुनुका कारण रगतमा खराब कोलेस्ट्रोल (एलडीएल) तथा ट्राइग्लिसराइड्स बढ्न सक्छ । यसले रक्तनलीमा बोसो जम्ने जोखिम बढाउनुका साथै हृदयाघात र मस्तिष्कघातजस्ता गम्भीर स्वास्थ्य समस्याको सम्भावना पनि बढाउँछ ।

उमेर बढ्दै जाँदा शरीरको मेटाबोलिजम सुस्त हुने भएकाले क्यालोरी खपत कम हुन्छ र शारीरिक बोसो बढ्न सक्छ । विशेषगरी पेट वरिपरि बोसो जम्मा हुँदा इन्सुलिन प्रतिरोधको समस्या देखिनुका साथै कोलेस्ट्रोलको सन्तुलन बिग्रन सक्छ । यसका अतिरिक्त कलेजोले रगतमा रहेको अतिरिक्त कोलेस्ट्रोल व्यवस्थापन गर्ने प्रक्रियामा पनि उमेर, स्वास्थ्य अवस्था र अन्य रोगको प्रभाव पर्न सक्छ ।

४० वर्षपछि पुरुष र महिलामा हुने हर्मोनल परिवर्तन पनि कोलेस्ट्रोल बढ्ने एउटा कारण हो । महिलामा महिनावारी बन्द हुने अवस्था (मेनोपज) नजिकिँदै जाँदा एस्ट्रोजन हर्मोनको मात्रा घट्छ । यसले राम्रो कोलेस्ट्रोल (एचडीएल) र खराब कोलेस्ट्रोल (एलडीएल) बीचको सन्तुलनमा परिवर्तन ल्याउन सक्छ । पुरूषमा पनि उमेरसँगै टेस्टोस्टेरोन हर्मोन घट्ने र शरीरमा बोसोको मात्रा बढ्ने परिवर्तन देखिन सक्छ । त्यस्तै, व्यस्त जीवनशैली, शारीरिक व्यायामको कमी, मानसिक तनाव र असन्तुलित खानपानले कोलेस्ट्रोलको समस्या थप बढाउन सक्छ ।

परिवारमा उच्च कोलेस्ट्रोल वा मुटुरोगको इतिहास भएका व्यक्ति, मधुमेह, उच्च रक्तचाप, मोटोपन तथा धूम्रपान गर्ने व्यक्तिहरू विशेष जोखिममा रहन्छन् । त्यसैले ४० वर्षपछि नियमित स्वास्थ्य परीक्षण गर्नु आवश्यक मानिन्छ । लिपिड प्रोफाइल परीक्षणबाट कुल कोलेस्ट्रोल, एलडीएल, एचडीएल र ट्रिग्लिसराइड्सको अवस्था थाहा पाउन सकिन्छ । यसका साथै रक्तचाप, फास्टिङ ब्लड सुगर, एचबीएएसी, शरीरको तौल र कम्मरको नापसमेत नियमित जाँच गर्नुपर्छ ।

कोलेस्ट्रोल नियन्त्रणका लागि खानपान र जीवनशैलीमा सुधार गर्नु महत्त्वपूर्ण हुन्छ । हरियो सागसब्जी, फलफूल, गेडागुडी तथा फाइबरयुक्त खानेकुरालाई प्रथमिकता दिने, चिल्लो, प्रशोधित तथा अत्यधिक बोसोयुक्त खानेकुरा कम गर्ने र दैनिक कम्तीमा ३० मिनेट हिँड्ने वा शारीरिक व्यायाम गर्ने बानी बसाल्नुपर्छ । धूम्रपान त्याग्ने, मद्यपान सीमित गर्ने र तौल नियन्त्रणमा राख्ने उपायले पनि मुटुको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ । चिकित्सकको सल्लाहअनुसार नियमित परीक्षण र आवश्यक उपचार गर्न सके ४० वर्षपछि देखिने उच्च कोलेस्ट्रोल तथा त्यससँग सम्बन्धित हृदयाघात र मस्तिष्कघातको जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

पानासोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, भापा
विगत दुई दशक
उपभोक्ताहरुको रोजाईहरुमध्ये नं.१ मा
स्थापित यस शहर कञ्चन छाप प्रकाशका LED, TV, Online UPS इन्भर्टर लगी एम्प्लिफायर, Sound System, Speaker, एम्प्लीफायर मोडिफ लगी मोटर, पम्प, फ्रिज, AC तामिर मोडिन, कोटा सुलभ दरमा भ्याफोरटीका साथ सधैं गरिएन ।
जसमै लगी अर्डर अनुसार अरु प्रकाशका UPS, इन्भर्टर, एम्प्लिफायरहरु अरु सबै लगत उपलब्ध छन् साथै प्रकाशका भित्तिर र इलेक्ट्रोनिक्स पार्टसहरु मेकानिकल मोटर र केल पाइपहरु ।
नोट :
१) मोडिकल हरियरलाग्ने प्रयोग हुने सबै सामानहरु उपलब्ध गरिएका छन् ।
२) यहाँ होला मनिसिनको लेना पति रेपलब्ध छ ।
३) सबै प्रकारका सेवोण्डहेण्ड सामान पनि किनी गरिएका छ ।
प्रो. मनोज सिंह
९८४२६२७१३०/९८०४९३१६९/०२३-५८३१४७


SHREE RATNA JEWELLERY
दमक-६, रुपिञ्चकचौक, भापा
छापवाल सुन बिक्री दर 2,84,300/
चाँदी बिक्री दर 3855/-
दैनिकको मूल्यवृद्धिको दरभाउ
तुहुनाको स्वारेन्टीसहित सधैं शुद्धमा शत प्रतिशत आकर्षक डिजाईनका सुनचाँदीका गरगहनाहरु बनाइएका साथै शुद्ध मूल्यमा खरिद-बिक्री गरिन्छ ।
सुरक्षित रुपमा तपाईको आवश्यकता परेका बेला हामीलाई सम्झनुहोला ।
सम्पर्क: ९८४१५९६३१५

आमाको सम्झनामा रिक्तिएका निधार



घरको मूल अभिभावक गुमाउँदाको पीडा, आमाको न्यानो मायाको अभाव र चाडपर्वको रौनकबीच मनमा उब्जिएका अनगिन्ती सम्झनाहरू

◆ खगेन्द्र कार्की



दशैं आयो, तिहार पनि आयो । गाउँघरमा खुसीका रङहरु पोतिए । घरका आँगनमा फूल फुले, बजारमा चहलपहल बढ्यो, देउसी(मेलोका भाका गुञ्जिए । निधारमा रातो टीका र शिरमा जमरा सजाएर आफन्तजनले खुसी साटासाट गरे । तर, यस वर्ष हाम्रो घरमा भने दशैं-तिहारको कुनै रौनक छाउन सकेन । घरको मूल अभिभावक आमा नहुँदा चाडपर्वका सबै रङ फिक्का भए । निधार खाली रह्यो, मन शोकले भरियो ।

जीवनमा पहिलोमटक घरको मूल अभिभावक गुमाउँदाको पीडा कस्तो हुँदो रहेछ भन्ने अनुभूति यस वर्ष भयो । ७८ वर्ष पार गर्नुभएकी हाम्री प्यारी आमा अग्निकादेवी कार्कीको गत चैत २६ गते स्वर्गारोहण भयो । आगामी कार्तिक २६ गते आमाले हामीलाई छाडेर जानुभएको एयाकै साल महिना पुग्दैछ । सात महिना बितिसक्दा पनि आमाको अभाव र उहाँसँग जोडिएका सम्झनाहरु हिजोकै जस्ता ताजा छन् ।

केही वर्षदेखि आमा विभिन्न स्वास्थ्य समस्याका कारण अस्पतालका बेडहरुमा जीवनसँग संघर्ष गरिरहनुभएको थियो । अस्पतालका सेता भित्तामाथि आमालाई निको पार्ने आशा बोकेर बिताका ती दिनहरु अहिले सम्झँदा मन भारी हुन्छ । परिवारका सबै सदस्यको एउटै चाहना थियो- आमा स्वस्थ भएर फेरि घर फर्कियुहोस्, घरको आँगनमा उहाँकै आवाज गुञ्जिरहोस् र हामी सबैलाई पहिलेजस्तै माया र आशीर्वाद दिनुहोस् । तर, नियतिको निर्णय हाम्रा चाहनाभन्दा फरक भइदियो ।

अन्तिम अवस्थामा आमाको इटहरी-८ स्थित आफ्नै निवासमा निधन भयो । बुबा पोखरामा रहनुभएकाले उहाँ आइपुग्न समय लाग्यो । त्यसैले आमाको पार्थिव शरीर दुई दिनसम्म घरमै राख्नुपर्ने अवस्था बन्यो । तेस्रो दिन चैत २८ गते चतरास्थित सप्तकोशी नदी किनारमा करिब पाँच सय मलामीको उपस्थितिमा आमाको अन्तिम संस्कार गरियो ।

त्यो दिनको दृश्य सम्झँदा आज पनि आँखा रसाउँछन् । जीवनभर माया, स्नेह र सद्भाव बाँडुनुभएकी आमालाई अन्तिम बिदाइ गर्न आफन्त, छरछिमेक, इष्टमित्र र सुमेध्युक्तका टोली उपस्थिति थियो । उहाँको पार्थिव शरीरलाई अग्निमा समर्पण गर्दा हामीले केवल एउटा शरीरको बिदाइ गरेका थिएनौं, हाम्रो जीवनको एउटा बलियो आधार, न्यानो छहारी र निःस्वार्थ मायाको स्रोत गुमाएका थियौं ।

आमाको निधनपछिका दिनहरु परिवारका लागि निकै कठिन थिए । हिन्दू संस्कारअनुसार गरिने पितृकार्यका विधि पूरा गर्नुका साथै मनलाई सम्हाल्नु पनि कम चुनौतीपूर्ण थिएन । यस्तो अवस्थामा परिवार, आफन्त र समाजको साथ कति महत्त्वपूर्ण हुँदो रहेछ भन्ने कुरा हामीले नजिकबाट अनुभव गऱ्यौं ।

दशौं दिनको पुण्य तिथिमा गहुँत ग्रहण गर्ने र नुन सेवन गर्ने सहभागी हुन आउनुभएका माइक्युद्धहरुको उत्साहजनक उपस्थितिले शोकाकुल परिवारलाई ठूलो सान्त्वना दिएको थियो । दुःखको घडीमा आफन्तहरुको उपस्थिति केवल औपचारिकता मात्र हुँदैन रहेछ, त्यो त भत्किन लागेको मनलाई सम्हाल्ने बलियो आधार पनि हुँदो रहेछ । सबैको साथ, सद्भाव र आत्मीयताले हामीलाई कठिन समय पार गर्न हौसला मिल्यो ।

त्यस कठिन समयमा पिताजीको निरन्तर साथ हाम्रो परिवारका लागि सबैभन्दा ठूलो आड र भरोसा बन्यो । उहाँको अहोरात्रको बसाइ र उपस्थितिले कोरमा बसेका हामीलाई ठूलो मनोबल प्रदान गऱ्यो । म, मेरी श्रीमती सृजना काकी तथा दुई बहिनी इन्दिरा राया र सुजाता काकीका लागि पिताजीको साथ दुःख सहने एउटा बलियो आधार बन्यो । आफ्नै जीवनसाथी गुमाउनुभएको पीडामा रहनुभएका पिताजीले हामीलाई सम्हाल्न देखाउनुभएको धैर्य र साहस शब्दमा व्यक्त गर्न कठिन छ । मनुब्रह्मेय्यो- बिन्ता नगर, म छु । आफ्नो पीडा मनभित्र राखेर परिवारलाई सम्हाल्ने उहाँको भूमिकाले हामीलाई थप भावुक बनायो ।

पिताजीका दुई परिवार भएका कारण अर्को नमोपट्टिका एकमात्र दाजु शंकरमान, माईहरू युवराज र संयुक्त अरब इमिरेट्स (यूएई) मा रहेर पनि आर्थिक रूपमा टेको दिएको भाई कमलसहित दिदी उमा, बहिनीहरू लक्ष्मी, सम्झनाको प्रत्यक्ष साथ र सहयोग पनि उत्तिकै महत्त्वपूर्ण रह्यो । त्यो बाहेक बुवशैहरू राजकुमारी र मितुकी अथक मेहनतसहितको साथको जति प्रशंसा गरेपनि पुग्दैन । पारिवारिक एकता, आपसी सद्भाव र जिम्मेवारीबोधका कारण पितृकार्यका विधि सहज

रूपमा सम्पन्न गर्न सकियो । दुःखको घडीमा परिवारका सदस्यहरु एकजुट भएर उसैँदा पीडासँग जुध्ने शक्ति पिल्दो रहेछ भन्ने अनुभूति भयो ।

यता छिमेकमा रहनु भएका दाजुभाइ कुमार दाइ र भाउजू, दिलबहादुर कार्की र भाउजू, रामकुमार काकीलगायतआईमैलीजाको साथ, सहयोग र आत्मीयताले कसरी शब्दमा व्यक्त गर्ने । त्यसैगरी बालग्राम क्षेत्रमा रहनुभएका दाजु धनबहादुर कार्की, ज्वं कार्कीलगायत थुप्रै भाईबन्धु र परिवारको योगदान रह्यो । यस्तै आफन्तजनले देखाउनुभएको सहयोग र सद्भाव हाम्रो परिवारले कहिल्यै बिर्सने छैन । दुःखको समयमा कसैले सम्झाल्ने, कसैले व्यवस्थापनमा सघाउने त कसैले सान्त्वनाका दुई शब्द बोलिदिने गर्दा पनि मनमा ठूलो राहत मिल्दो रहेछ ।

तेह्रौं दिनको पुण्यतिथि घरमै सम्पन्न गरियो । उक्त अवसरमा सान्त्वना र सद्भाव बाँड्न गर्न सुलुवा कार्कीमैसँग सम्बद्ध प्रतिष्ठान, पुजा समिति, भोरङ-नुनसरी सेवा समाजसहित विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति मात्र थिएन, सान्त्वना मात्र थिएन आर्थिक सहयोग समेत प्रदान गरिएको थियो । सामाजिक संघसंस्थाका प्रतिनिधि, आफन्त, इष्टमित्र तथा शुभेच्छुकहरुको उपस्थितिले आमाप्रतिको सम्मान र परिवारप्रतिको सद्भाव झल्काएको थियो । त्यो कठिन घडीमा उपस्थित भएर दुःख बाँड्नुहुने सबैप्रति हामी हृदयदेखि नै आभारी छौं ।

आमा हुनुहुन्थ्यो भने दशैंमा घरको माहोल बेग्लै हुन्थ्यो । टीका लगाइदिने हात, जमरा राखिदिने माया र सबैलाई एकै ठाउँमा जम्मा पार्ने उहाँको आत्मीयता घरको सबैभन्दा ठूलो खुसी थियो । तिहारमा दिँयो बाल्ने उत्सह र भाइटीकाको रौनक पनि उहाँकै उपस्थितिले पूर्ण हुन्थ्यो । यसपटि न त दशैंको टीकाले मन छोयो, न तिहारको उज्यालोले मन उज्यालो बनाउन सक्यो । चाडपर्व आए गए, तर आमाको अभावले घरको एउटा कुनो सधैं खाली रहिरहेयो ।

घरमा चाडपर्वको तयारी हुँदै गर्दा आमाले विगतमा गर्नुभएका कामहरु सम्झनामा आउँछन् । उहाँले सबैलाई सम्झाउने, परिवारका सदस्यहरुबीच आत्मीयता कायम राख्ने तौ सामान्य लाग्ने व्यवहारहरु आज अमूल्य बनेका छन् । मानिसले कुनै व्यक्तिको महत्त्व उसको उपस्थितिमा भन्दा अनुपस्थितिमा बढी महसुस गर्दो रहेछ । आमाको अभावले हामीलाई यही कुरा सिकाएको छ ।

समयले घाउमा मलम लगाउँछ भनिन्छ । तर आमाको अभाव समयसँगै मेटिने रहेनछ । बरू हरेक चाडपर्व, पारिवारिक जमघट र खुसीका क्षणमा उहाँको सम्झना अझ गहिरो भएर आउँदो रहेछ । आमको मायाको कुनै तिकल्प हुँदैन । उहाँले दिनुभएको संस्कार, सिकाउनुभएका जीवनोपयोगी कुरा र परिवारप्रतिको जिम्मेवारीबोध नै अब हाम्रो जीवनका मार्गदर्शन हुन् ।

आमाको निधनपछिको कठिन घडीमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा साथ, सहयोग, समन्वय र सान्त्वना प्रदान गर्नुहुने सम्पूर्ण दाजुभाइ, दिदीबहिनी, आफन्तजन, साथीभाई, इष्टमित्र, छरछिमेकी, सामाजिक संघसंस्थाका प्रतिनिधि तथा शुभेच्छुकहरुप्रति हाम्रो परिवार सधैं कृतज्ञ रहनेछ । तपाईहरुले देखाउनुभएको सद्भाव र आत्मीयता हाम्रो परिवारले जीवनभर सम्झिरहनेछ ।

आमा, तपाईं भौतिक रूपमा हामीमाझ हुनुहुन्न । तर तपाईंले दिनुभएको संस्कार, माया, आशीर्वाद र जीवनका अमूल्य शिक्षा हाम्रो साथमा सधैं रहनेछन् । तपाईंको अभाव कहिल्यै पूरा हुन सक्दैन । घरको आँगनमा तपाईंका पाइला नपरे पनि हाम्रो मनको आँगनमा तपाईं सधैं जीवित रहनुहुनेछ ।


यस वर्षको दशैं-तिहार हाम्रो जीवनमा खुसीमन्दा बढी सम्झना र पीडा बोकेर आयो । निधार खाली भए पनि मनभरि आमाको माया र सम्झना छ । आगामी दिनमा चाडपर्वहरु फेरि आउलान्, घरमा उज्यालो पनि छाउला, तर आमाले दिनुभएको टीका र आशीर्वादको अनुभूति कहिल्यै फर्कर आउने छैन ।

हार्दिक श्रद्धाञ्जली आमा अग्निकादेवी कार्की तपाईंको आत्माले शिरशान्ति पाओस् ।

आमा, तपाईंले छाडेर जानुभएको खाली ठाउँ कहिल्यै भरिने छैन । तपाईंको सम्झना नै हाम्रो सम्पत्ति हो, तपाईंको आशीर्वाद नै हाम्रो जीवनको ऊर्जा ।

दैनिक राशिफल
आज मिति २०८३ साल कार्तिक २७ गते शुक्रबार
13 Nov 2026
दिवेदी: षष्ठी

ज्यो. लक्ष्मणी प्र. दकाल
ठेगाना : दण्डखर्क नौह, अजारखाक अकाल सिजाक, उत्तर
सम्पर्कका लागि:
९८८३७०८८९/९८७००१५८४
मेष: शुभकार्यमा अर्थ राजस व्यवहारमा सहभागिता ।
वृषभ: काकि कुथ डुघ के को हा शरु परास्त । वैदेशिक कामका फलिफाप ।
मिथुन: ढि ह हे ही डा डि डु डे डो लाभिको जाग्रा । पुरुषार्थले धन लाभ ।
कर्कट: च्चे सो ला लि लै ले लो अ व्यापारबाट लाभ । आईसीजीजन विवाद ।
सिंह: मा लि मु मे मो टा टि टु टे शिक्षामा रुचि । लेजदेखमा सफलता ।
कन्या: टो प पी पै ध ण ठ पे पो जिम्बाट सहयोग । सराजकी जानाम जोडिले ।
तुला: हि ह हे ही डा डि डु डे डो लाभिको जाग्रा । पुरुषार्थले धन लाभ ।
वृश्चिक: तो ना नि नै ने नो ना थि थु बोलीले खिज बढ्ने । धन जेजन जर्जे दिन ।
धनु: व डो भा भी भ भा फा ढ भे उत्तम ओजज । जीवन साथीको प्रगति ।
मकर: भो जा जी खि खु खे खो गा गी जर्ष बढ्ने । कार्यजमा बाधा ।
कुम्भ: मै मे गो सा सी से सो द्र नाम, अहंकीमा जन्मजा । व्यापारबाट लाभ ।
मीन: दि द्र थ झ ज ञ ट ठ ड ढ चा चाँ कार्यमा सुधार । पिताजीबाट सहयोग ।



दमकको महोत्सवमा 'लण्डन ब्रिज': दमकमा सञ्चालित आदिवासी जनजाति सांस्कृतिक महोत्सव प्रवेशद्वारमा निर्माण गरिएको 'लण्डन ब्रिज' । यस संरचना महोत्सव अवलोकनकर्ताहरुका लागि निकै आकर्षण बनेको छ ।

बाहुनडाँगीमा हात्तीको त्रास

झापा/ झापामा हात्तीको समस्या नयाँ हो इन । तर यो समस्या झापाबासीलाई दीर्घरोग जस्तै भएको छ । मेचीनगर नगरपालिका-४ स्थित प्रसाद गौडाबाट जंगली हात्तीले नेपालतर्फ प्रवेश थालेपछि सो क्षेत्रमा सुरक्षा सतर्कता उच्च पारिएको छ ।

प्रमुख जिल्ला अधिकारी अवणकुमार पोखरेलले नेपाल भारतको सीमा क्षेत्रमा पर्ने सो भूभागबाट हात्ती नेपाल छिर्ने र स्थानीयवासीको घर भत्काउने पाकेको धान खाने गर्न थालेपछि भारततर्फ हात्ती फर्काउन बुधबारदेखि नै सुरक्षा सतर्कता उच्च पारिएको जानकारी दिए ।

हात्तीको प्रवेशलाई पूर्ण रुपमा रोक्न र सम्भावित क्षति जोगाउन सशस्त्र प्रहरी बल नेपाल बिओपी बाहुनडाँगी, नेपाल प्रहरी, डिभिजन वन कार्यालयका वन रक्षक, न्यापिच रेस्पोन्स टिमलगायत विभिन्न संघसंस्था र स्थानीय किसानहरु सक्रिय रुपमा परिचालन भएका छन् ।

सुरक्षाकर्मी, वन कर्मचारी र स्थानीयवासीले हात्तीलाई नेपालतर्फ प्रवेश गर्न नदिन विभिन्न उपकरण र सवारीसाधनको प्रयोग गरी निगरानी तथा रोकथामको कार्य गरिरहेका छन् ।

रोकथाम तथा नियन्त्रणका लागि १० भन्दा बढी साना माझकसहितका साइरन, सशस्त्र प्रहरी बलका दुईवटा टूला साइरन, वन कार्यालय र सशस्त्र प्रहरी बलका एक-एकवटा साइरन जडित सवारीसाधन, नेपाल प्रहरीको एउटा टूलो साइरन तथा ९० भन्दा बढी टूला लाइट प्रयोगमा ल्याइएको छ ।

सम्भावित जोखिमलाई दृष्टिगत गर्दै स्थानीय प्रशासनले सीमावर्ती क्षेत्रका बासिन्दालाई पर्याप्त सुरक्षा सतर्कता अपनाउन आग्रह गरिरहेको छ ।

त्यसैगरी, गस्ती र निगरानीलाई प्रभावकारी बनाउन तीनवटा ट्र्याक्टर तथा ९० भन्दा बढी मोटरसाइकल पनि परिचालन गरिएको उनले जानकारी दिए ।

बालिकाको मृत्यु, पाँच घाईते

इटहरी । मोटरसाइकल, स्कुटर र साइकल एकआपसमा ठोक्किँदा इनरुवा नगरपालिका-५ बलाहामा सात वर्षीया बालिकाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् । पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको को १५ प २२५७ नम्बरको मोटरसाइकल, विपरीत दिशाबाट आउँदै गरेको प्र १-०२-०५५ प १२९८ नम्बरको स्कुटर र साइकल बुधबार एकआपसमा ठोक्किँदा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सुनसरीका सूचना अधिकारी चन्द्रबहादुर खड्काले जानकारी दिए ।

दुर्घटनामा तीनजनै सवारीसाधनमा सवार ६ जना घाइते भएका थिए । घाइतेमध्ये स्कुटरको पछाडि सवार इनरुवा नगरपालिका-९ की सात वर्षीया रिटिमा सरदारको उपचारका क्रममा मृत्यु भएको सूचना अधिकारी खड्काले बताए । दुर्घटनामा स्कुटर चालक इनरुवा नगरपालिका-७ का ३० वर्षीय सुजन चौधरी, मोटरसाइकल चालक दुहबी नगरपालिका-३ का २२ वर्षीय सागर सरदार, मोटरसाइकलको पछाडि सवार २४ वर्षीय अभिनप सरदार र ११ वर्षीय आयुष सरदार तथा साइकलयात्री इनरुवा नगरपालिका-५ बलाहाका ४७ वर्षीय इन्द्रजित मण्डल घाइते भएका छन् ।

दमकमा.....

साहित्यमा देवकोटाको योगदान अभैपनि अपुरणीय रहेको बताए । कार्यक्रममा साहित्यकार युवराज नयाघरेले साहित्य नबुझेसम्म देवकोटालाई बुझ्नु अधुरो बुझाइ हुने बताए । कार्यक्रममा दमक नगरपालिकाका मेयर रामकुमार थापा, पूर्व मेयर रोमनाथ ओलीलगायतले बोलेका थिए ।

यसैगरी झापाको मेचीनगर र चन्द्रगढी लगायत स्थानमामा साहित्यकार र विद्यार्थी सम्मानित भएका छन । झापाको भद्रपुर ९ (चन्दगढी) स्थित देवकोटा स्मारक संरक्षण समितिको आयोजनामा सम्पन्न कार्यक्रममा साहित्यकार भानुभक्त कुमिन्डेलीलाई यस वर्षको बीस हजार राशीको स्व. मनोरथ दाहाल स्मृति काव्य पुरस्कार प्रदान गरिएको छ ।

सोही अवसरमा साहित्यकार लता खरेललाई श्रस्टा सम्मान २०८३ द्वारा सम्मानित गरिएको छ । साहित्यकार केशव आचार्यको प्रमुख आतिथ्य सम्पन्न उक्त कार्यक्रममा वीरेन्द्र मा.वि. चन्द्रगढी बाट शैक्षिक सत्र २०८२ को कक्षा १२ मा उत्कृष्ट स्थान ल्याउने जिनिस राया र पुष्पा राजवंशीलाई जनही नगद पाच हजार राशीको शैक्षिक उन्नयन पुरस्कार प्रदान गरिएको थियो भने बाल कविता प्रतियोगितामा सुमन रेकमी प्रथम र श्रद्धा रेग्मी दोस्रो भएका थिए । देवकोटा स्मारक संरक्षण समिति अध्यक्ष राजु बरालले कार्यक्रमको औचित्य प्रकाश पारेको कार्यक्रममा साहित्यकार तारा विधिखे महाकवि देवकोटाले नेपाली साहित्यमा पु-याएको योगदानको बारेमा चर्चा गरेका थिए ।

सम्मानित श्रस्टाको बारेमा साहित्यकार बिरही अधिकारीले परिचय गराएका थिए । कार्यक्रममा साहित्यकार केशव आचार्य, भद्रपुर नगर प्रमुख गणेश पोखरेल, उप प्रमुख राधा कार्की र भद्रपुर नगर कला, साहित्य, सङ्गीत प्रतिस्ठान अध्यक्ष चिन्तामणि दाहालले शुभकामना मन्तव्य राखेका थिए ।

झापाका.....

'कार्यविधि अनुसार अब दावी विरोधको सूचना प्रकाशित हुन्छ, त्यस उपर छानबिन र नापी नक्सा लगायतका सबै कार्य सम्पन्न गछौं,' प्रजिअ पोखरेलले भने 'यही मङ्सिर मसान्तसम्ममा लालपुर्जा वितरण गर्ने गरी हामीले तयारी गरिरहेका छौं ।' झापाको भूमि समस्या समाधान समितिमा जग्गा प्राप्तिका लागि भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी गरी ६० हजार ५७० परिवारको निवेदन दर्ता भइसकेको छ ।

कोशीमा.....

यस ऐतिहासिक अवसरमा शुभकामना दिँदै मुख्यमन्त्री कार्कीले विविधतावीचको एकतालाई मजबुत बनाउन र सबै समुदायको पहिचान स्थापित गर्न प्रदेश सरकार सधैं प्रतिबद्ध रहेको बताएका छन् । साथै प्रदेश सरकारले हरेक वर्ष 'प्रदेश भाषा दिवस' मनाउने घोषणासमेत गरेको छ ।

ट्रम्प, सी र पुटिनबीच त्रिपक्षीय वार्ताको पहल

एजेन्सी/ अमेरिकी विदेशमन्त्री मार्को रुबियो र चिनियाँ विदेशमन्त्री वाङ यीबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको चीन भ्रमण, चिनियाँ राष्ट्रपति सी जिनपिङको अमेरिका भ्रमण तथा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसहितको सम्भावित त्रिपक्षीय भेटवार्तामाथि छलफल भएको छ ।

चीनको अनुरोधमा नोभेम्बर ११ मा भएको टेलिफोन वार्तामा दुई देशबीचको सम्बन्ध र आगामी उच्चस्तरीय भ्रमणका विषयमा कुराकानी भएको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ ।

वार्तामा सन् २०२६ मा हुने एसिया प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनमा सहभागी हुन राष्ट्रपति ट्रम्पले गर्ने चीन भ्रमण तथा जी-२० शिखर सम्मेलनमा सहभागी हुन राष्ट्रपति सीले गर्ने फ्लोरिडा भ्रमणबारे छलफल भएको थियो ।

दुवै पक्षले शान्ति स्थापना र आणविक हतियार निःशस्त्रीकरणका लागि उच्चस्तरीय संवाद आवश्यक रहेकोमा सहमति जनाएका छन् । यसै क्रममा अमेरिका, चीन र रुसका राष्ट्रपतिबीच त्रिपक्षीय भेटवार्ता हुन सक्ने सम्भावनाबारे पनि कुराकानी भएको छ ।

यसअघि अमेरिकी विदेशमन्त्री रुबियोले एपेक सम्मेलनका अवसरमा तीन देशका नेतावीच भेटवार्ता गराउने प्रयास भइरहेको बताएका थिए । राष्ट्रपति ट्रम्पले पनि रुस-युक्रेन युद्ध अन्त्य र विश्वव्यापी आणविक निःशस्त्रीकरणका विषयमा सी र पुटिनसँग छलफल गर्न चाहेको बताएका थिए ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की सहभागी नभए पनि युद्ध अन्त्यमा सहयोग पुग्ने भए आफू भेटवार्तामा लागि तयार रहेको ट्रम्पको भनाइ थियो ।

टेलिफोन वार्तांका क्रममा चिनियाँ विदेशमन्त्री वाङले अमेरिकासँगको सम्बन्ध स्थिर राख्न सञ्चार र सहकार्य बढाउने तथा मतभेदलाई उचित ढङ्गले समाधान गर्ने चीनको नीति रहेको बताए ।

सन् २०२६ मा हुने ऐपेक र जी-२० शिखर सम्मेलन सफल बनाउन दुवै देशले एकअर्कालाई सहयोग गर्नुपर्नेमा पनि उनले जोड दिएका थिए । अमेरिका र चीनबीच पछिल्लो समय भइरहेको संवादलाई दुई देशबीचको सम्बन्ध स्थिर बनाउने र आगामी उच्चस्तरीय भ्रमण तथा अन्तर्राष्ट्रिय सम्मेलनको तयारी अघि बढाउने प्रयासका रूपमा हेरिएको छ ।

प्रधान टोलमा भव्य रुपले मनाइयो भिन्तुना कार्यक्रम

दमक/ नेवा:खलको रजत जयन्ती तथा न्यू दैया -नेपाल सम्वत ११४७ का अवसर पारेर मंगलवार दमकमा विभिन्न कार्यक्रम गरिएका छन् ।

यसैक्रममा दमक ९ प्रधानटोलमा नेवारी समुदायको नयाँ वर्ष सम्बन्धी विशेष कार्यक्रममा शुभकामना आदानप्रदान ,सांस्कृतिक नृत्य तथा अग्रजहरूलाई सम्मान प्रदान गर्नुका साथै नेवारी भोजन समेत गराइएको थियो ।

नेवा:खलकी अध्यक्ष मीना श्रेष्ठको अध्यक्षता तथा दमक नगरपालिकाका प्रमुख रामकुमार थापाको प्रमुख आतिथ्यतामा भएको सो कार्यक्रममा बोल्दै वक्ताहरूले नेवारी समुदायले मनाउँदै आएको नेपाल सम्वतको शुभकामना दिँदै भाषिक, सांस्कृतिक जागरणका लागि यस्ता सामाजिक संघसंस्थाहरूको योगदान प्रशंसनीय रहेको जोड दिए ।


कार्यक्रममा नगर प्रमुख थापा, दमक ९ का वडाध्यक्ष कुवेर भट्टराई लगायतले नेवार समुदायको मौलिक परम्परा र सांस्कृतिक पहिचान देशकै सम्पदा भएको विचार राखे ।

सोहि अवसरमा नेवा: खलको संस्थागत हितमा सहयोग पुर्याउने तीन दर्जन बढी दाताहरूलाई सम्मान गरिएको थियो । कार्यक्रममा नेवा: खलका पदाधिकारी तथा सदस्यहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उल्लेखीय उपस्थिति रहेको थियो । यसैगरि, आजनै दमक ६ स्थित शंखध्वर चौंकमा भिन्तुना विशेष कार्यक्रम गरिएको थियो ।

दुर्घटनामा.....

गरेको शु-०१-००३ ह १९०२ न.को मिटीले पैरलयात्री सोती उठ्दै बस्ने वर्ष ७० की लटन राजवंशीलाई ठक्कर दिएको थियो । टाउको र नाकमा चोट लागेर घाइते भएकी राजवंशीलाई उपचारको लागि ओमसाई पाथिभरा अस्पताल भद्रपुर लगी डाक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो ।

प्रहरी चौकी न्यामिरगढीबाट प्रहरी सहायक निरीक्षक विनाराज वाहानको कमाण्डमा टोली खटिए मिती र मिटी चालक सोती उठ्दै वर्ष ४९का मोहन राजवंशीलाई नियन्त्रणमा लिएको छ ।



विराटनगरले पोखरालाई ४ विकेटले हरायो

दमक/ तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) अन्तर्गत बिहीबारको पहिलो खेलमा विराटनगर किङ्गसले पोखरा एभेन्जर्सलाई पराजित गरेको छ । कीर्तिपुरस्थित त्रिभि मैदानमा सम्पन्न खेलमा विराटनगरले पोखरालाई ४ विकेटले हराएको हो ।

पोखरालै दिएको १३३ रनको लक्ष्य पछ्याउँदै जवाफी ब्याटिङ गरेको विराटनगरले खेल सकिन ४ बलअघि ६ विकेट गुमाउँदै लक्ष्य भेट्टायो । विराटनगरका बसिर अहमदले ३७ रन बनाए । ३८ बलको सामना गरेका उनले २ छक्का र २ चौका प्रहार गरे । त्यसैगरी, लोकेश बमले २७ बलमा ३३ रन बनाए भने इसुरु उडानाले १२ बलमा २५ रन बनाए ।

वलिङतर्फ रमेश मेन्डिस र कुशल भुर्तेलले समान दुई विकेट लिए भने विपिन खत्री र धनञ्जय लक्षनले समान एक विकेट लिए ।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको पोखरा १७.५ ओभरमा १३२ रनमा अलआउट भयो ।

पोखराका ओपनर युवराज समाले उत्कृष्ट ब्याटिङ गर्दै ४७ बलमा सात चौका र पाँच छक्कासहित ८४ रन बनाए । यस्तै, धनञ्जय लक्षनले २२ र सनि बीकेले १२ रनको योगदान दिए । अन्य ब्याटरले भने दोहोरो अङ्क्मा रन बनाउन सकेनन् ।



विराटनगरका लागि सन्दीपले उत्कृष्ट बलिङ गर्दै चार ओभरमा २७ रन खर्चेर छ विकेट लिए । उनले यसक्रममा ह्याट्रिकसमेत पुरा गरे । यस्तै, एन्जेलो म्याथ्युज, चरिथ असलङ्का र स्पेंशर सिहले एक-एक विकेट लिए ।

यसर्सगै ६ मध्ये ५ खेल हारेको पोखरा लिग चरणबाटै बाहिरिएको छ । विराटनगरको भने समान खेलबाट ६ अंक छ । विराटनगर अंक तालिकाको चौथो स्थानमा उक्लिएको छ ।

चिया निर्यात झन्डै दोब्बर

झापा/ *पूर्वी नाका काँकडभिट्टा हुँदै भारततर्फ हुने नेपाली चियाको निर्यात उल्लेख्य मात्रामा बढेको छ । गत आर्थिक वर्षको असोजको तुलनामा चालु आर्थिक वर्षको सोही महिनामा चिया निर्यातको परिमाण झन्डै दोब्बर पुगेको हो । मेची मन्सार कार्यालयको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८३/८४ को असोजमा ४९ करोड ५४ लाख ५२ हजार रुपैयाँ बराबरको १७ लाख १५ हजार ९३२ किलो चिया निर्यात भएको छ ।*

गत आर्थिक वर्ष २०८२/८३ को असोजमा २४ करोड ७४ लाख १ हजार रुपैयाँ बराबरको ९ लाख २ हजार ४४५ किलो चिया निर्यात भएको थियो ।

अघिल्लो वर्षको असोजको तुलनामा चिया निर्यातको परिमाण १० प्रतिशतभन्दा बढीले बढेको छ भने निर्यात मूल्य करिब दोब्बर भएको छ । काँकडभिट्टा नाकाबाट चियाहरू, अर्लैंडी र प्लाइउड पात उल्लेख्य मात्रामा निर्यात भएका छन् ।

मेची मन्सार कार्यालयका अनुसार चालु आर्थिक वर्षको असोजमा ९८ करोड ८८ लाख ८४ हजार रुपैयाँ बराबरको अर्लैंडी र ४४ करोड २३ लाख ४८ हजार रुपैयाँ बराबरको प्लाइउड निर्यात भएको छ । इलाम, पाँचथर, ताप्लेजुङ र झापामा उत्पादित चिया काँकडभिट्टा नाका हुँदै मुख्यतः भारतीय बजारमा निर्यात हुने गरेको छ ।

सिक्किम नजिक ४.९ म्यागिनच्युडको भूकम्प

झापा/ नेपाल-भारत पूर्वी सीमा क्षेत्र नजिक बिहीबार बिहान ४.९ म्यागिच्युडको भूकम्प गएको छ । भूकम्पको धक्का भारतको उत्तरी बंगाल, सिक्किमलगायत आसपासका क्षेत्रमा समेत महसुस गरिएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । भारतको राष्ट्रिय भूकम्प विज्ञान केन्द्र (एनसीएस) का अनुसार नोभेम्बर १२ अर्थात् बिहीबार बिहान ४ बजेर ३० मिनेट २९ सेकेन्ड (भारतीय समय) मा भूकम्प गएको हो । नेपाली समयअनुसार बिहान ४ बजेर १५ मिनेटमा गएको भूकम्पको केन्द्रबिन्दु नेपालमा पर्ने स्थानमा रहेको र सिक्किमको युक्सोमबाट करिब ४० किलोमिटर उत्तरपश्चिममा रहेको जनाइएको छ ।

भूकम्पको गहिराइ ७३ किलोमिटर मापन गरिएको छ । यसको केन्द्रबिन्दु २७.६७१ डिग्री उत्तरी अक्षांश र ८७.९८७ डिग्री पूर्वी देशान्तरमा रहेको भूकम्प विज्ञान केन्द्रले जनाएको छ ।

भारतको टिमी-९ बङ्गलाले जलपाइगुडीसहित उत्तरी बंगालका विभिन्न क्षेत्रमा भूकम्पको धक्का महसुस भएको जनाएको छ । बिहानको समयमा धेरै मानिस सुतिरहेका कारण कतिपयले कम्पन थाहा नपाएको समाचारमा उल्लेख छ । भूकम्पको धक्का झापाको बिर्तामोडलगायत पूर्वी नेपालका विभिन्न स्थानमा महसुस भएको हो वा होइन भन्नेबारे आधिकारिक पुष्टि तथा विवरण प्राप्त हुन बाँकी छ । भूकम्पबाट भएको सम्भावित क्षति तथा मानवीय प्रभावबारे पनि विस्तृत विवरण सार्वजनिक भएको छैन् ।

असिना.....धानबालीमा भने नोक्सानी भएको छ । विशेषगरी धान भित्र्याँउने समयमा परेको असिनाले उत्पादन घट्ने चिन्ता बढाएको छ ।

जिल्लाका विभिन्न स्थानमा असिना र वर्षा भएकाले धानबालीमा पुगेको क्षतिको पूर्ण विवरण आउन बाँकी छ । कुन क्षेत्रमा कति क्षति भयो भन्ने यकिन विवरण संकलन हुन सकेको छैन ।



◆ प्रधान सम्पादक/प्रकाशक: गज्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: छमेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन्द्र बस्नेत
कार्यालय: दमक-४ झापा, फोन: ०२३-५४०२७७, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com